म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १८८ आइतबार, १० फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 22 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं ।**

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं ।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं ।
- गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं ।
- बच्चा जन्मनेवित्तिकै विगौति दुध खुवाऔं ।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं ।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं ।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### ३ हजार ३ सय ७ मतदाताका लागि

# मकवानपुरमा २ वटा अस्थायी मतदानस्थल

मनिल महतो

हेटौंडा, ९ फागुन/ फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरमा दुईवटा अस्थायी मतदानस्थल राखिएको छ ।

भीमफेदी कारागार र जिल्ला प्रशासन कार्यालय मकवानपुरमा एक/एक वटा मतदानस्थल रहने प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद ढकालले बताए । यी मतदानस्थलका लागि मतदाता ३ हजार ३०७ रहेका छन् । भीमफेदी कारागारमा महिला र पुरुष गरेर ९ सय ९५ जना कैदीबन्दी छन् । तर, मतदाता नामावलीमा ७५ जनाको मात्र नाम छ । ३ जना महिला र ७२ जना पुरुष मतदाता रहेका छन् । अरु कैदीबन्दीको मतदाता सूचीमा नाम नै छैन । अस्थायी मतदानस्थलका मतदाताले समानुपातिकतर्फ मात्र मतदान गर्न पाउँछन् ।



अस्थायी मतदान केन्द्र बाहेक मकवानपुरमा १६७ वटा मतदानस्थल रहेका छन् । तीमध्ये सुरक्षाको दृष्टिकोणले १९ वटा मतदानस्थल अतिसंवेदनशीलको सूचीमा राखिएको छ । जिल्ला सुरक्षा समितिको बैठकले सुरक्षा संवेदनशीलताको आधारमा जिल्लाका १० स्थानीय तहमध्ये ६ स्थानीय तहमा रहेका मतदानस्थल अतिसंवेदनशीलको सूचीमा राखेको हो । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै मकवानपुरका १९ मतदानस्थललाई अति संवेदनशील सूचीमा राखिएको छ । सुरक्षा संवेदनशीलताको आधारमा जिल्लाका १० स्थानीय तहमध्ये ६ स्थानीय तहमा रहेका मतदानस्थल अति संवेदनशीलको सूचीमा परेका हुन् ।

जिल्लाभर रहेका कुल १ सय ६७ मतदानस्थलमध्ये १९ वटा अति संवेदनशील, ६० वटा संवेदनशील र ८८ वटा सामान्य श्रेणीमा राखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मकवानपुरका प्रहरीप्रवक्ता प्रनाउ पुष्कर बोगटीका अनुसार अतिसंवेदनशील सूचीमा परेका मतदानस्थलमा २६ मतदान केन्द्र रहेका छन् । सबैभन्दा धेरै बकैया गाउँपालिकामा ५ मतदानस्थल र ७ मतदान केन्द्र अतिसंवेदनशील सूचीमा रहेका छन् । त्यस्तै, राक्सिराङ गाउँपालिकामा ६ मतदानस्थल र ६ मतदान केन्द्र, बागमती गाउँपालिकामा ५ मतदानस्थल र ६ मतदान केन्द्र, भीमफेदी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र, मनहरी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र तथा कैलाश गाउँपालिकामा १ मतदानस्थल र १ मतदान केन्द्र अतिसंवेदनशील मानिएको छ ।

यसैगरी, जिल्लामा ६० मतदानस्थल र १ सय २३ मतदान केन्द्र संवेदनशील सूचीमा राखिएका छन् । संवेदनशील मतदानस्थलमा हेटौंडा उपमहानगरका ७ मतदानस्थल र ३१ मतदान केन्द्र, थाहा नगरका ९ मतदानस्थल र १७ मतदान केन्द्र, राक्सिराङ गाउँपालिकाको १३ मतदानस्थल र १७ मतदान केन्द्र, बकैया गाउँपालिकाको ८ मतदानस्थल र १५ मतदान केन्द्र तथा बागमती गाउँपालिकाको ७ मतदानस्थल र १७ मतदान केन्द्र रहेका छन् ।

मकवानपुरगढी गाउँपालिकाको ४ मतदानस्थल र ७ मतदान केन्द्र, इन्द्रसरोवर गाउँपालिकाको २ मतदानस्थल र २ मतदान केन्द्र, भीमफेदी गाउँपालिकाको ४ मतदानस्थल र ४ मतदान केन्द्र, कैलाश गाउँपालिकाको ३ मतदानस्थल र ५ मतदान केन्द्र तथा मनहरी गाउँपालिकाको ३ मतदानस्थल र ८ मतदान केन्द्र संवेदनशील सूचीमा परेका छन् ।

प्रतिनिधिसभाअन्तर्गत दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा कुल १ सय ६७ मतदानस्थल र ३ सय ७४ मतदान केन्द्र तोकिएका छन् । निर्वाचन क्षेत्र नम्बर १ मा ६२ मतदानस्थल र १ सय ७८ मतदान केन्द्र तथा निर्वाचन क्षेत्र नम्बर २ मा १ सय ५ मतदानस्थल र १ सय ९६ मतदान केन्द्र रहेका छन् ।

# हिमालयन राईडर्स सोसाइटी पाँचौं वर्षमा प्रवेश



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/वायु प्रदूषण विश्वभर तीव्ररुपमा बढ्दै गएको र मानवस्वास्थ्यमा दिनप्रतिदिन नकारात्मक असर परिरहेका बेला 'स्वास्थ्य, पर्यावरण र पर्यटनका लागि साइक्लिङ' भन्ने नारासहित स्थापना भएको हिमालयन राईडर्स सोसाइटी पाँचौं वर्षमा प्रवेश गरेको छ ।

गैरनाफामूलक सामाजिक संस्थाका रुपमा २०७८ फागुन ९ गते स्थापना भएको सोसाइटीले मेचीदेखि महाकालीसम्म साइकल यात्रामार्फत् आन्तरिक पर्यटन प्रवर्द्धन र जनचेतना फैलाउँदै आएको छ । पाँचौं वर्षमा प्रवेशको अवसरमा शनिबार बनशखण्डी मन्दिर परिसरमा विशेष कार्यक्रम आयोजना गरिएको थियो । सोसाइटीका अध्यक्ष राजु थापामगरको सभाध्यक्षता तथा बनशखण्डी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राममान श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा जिएस निकेतन कक्षा २ मा अध्ययनरत ७ वर्षीय अबिरल आचार्यलाई सबैभन्दा कान्छो सदस्यका रुपमा तथा ७३ वर्षीय मदनलाल मानन्धरलाई ज्येष्ठ सदस्यका रुपमा सम्मान गरिएको थियो । सोसाइटीमा हालसम्म ३४ जनाले आजीवन सदस्यता लिएको र आजीवन सदस्यलाई प्रमाणपत्र प्रदान गरिएको थियो । हालसम्म २० जनाले साधारण सदस्यता लिएको बताइएको छ । साधारण सदस्यलाई ब्याज वितरण गरिएको थियो । आजीवन सदस्यता शुल्क हाललाई ३ हजार रुपैयाँ राखिएको सोसाइटीले जनाएको छ ।

कार्यक्रमका अवसरमा सहयोगी संघसंस्था तथा विभिन्न व्यक्तिप्रति धन्यवाद ज्ञापन गर्दै संस्थाले आगामी दिनमा पनि साइक्लिङमार्फत स्वास्थ्य सचेतना, वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनका गतिविधि थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्यसहितको ३ जनाको टोली यतिबेला महाकाली-मेची साइकलयात्रा गरिरहेका छन् । सोसाइटीका संस्थापक उपाध्यक्ष भानुभक्त आचार्य र कोषाध्यक्ष लक्ष्मीचरण श्रेष्ठले दुई पटक मेचीमहाकाली साइकलयात्रा गरिसकेका छन् ।

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५






साझाकुरा

## हाम्रो कुरा

# मुख्यमन्त्रीको बाइपास मोह

बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले हेटौंडा बजारभित्र सडक विस्तार गर्नुभन्दा बाइपास सडक निर्माणमा जोड दिनुपर्ने बताएका छन् । बाइपास सडक बनाउँदा स्थानीयको समस्या सुन्न तयार रहेको बताउँदै मुख्यमन्त्री बानियाँले बाइपास सडक प्राविधिकरुपले बनाउन तागत राख्ने व्यक्ति आफू भएको दाबी गरेका छन् । भविष्यमा यो सडक निर्माण गरेरै देखाउने प्रतिबद्धता उनले व्यक्त गरेका छन् । मुख्यमन्त्री बानियाँले दलीय सरकार हुँदा जनताको सम्पति जोगाएको बताउँदै निर्वाचनमुखी सरकारले अधिकार नहुँदा पनि सडक विस्तार गरेको आरोप लगाएका छन् । मकवानपुरका विभिन्न सडक विस्तारबाट प्रभावित घरधनी तथा व्यवसायीले शुक्रबार प्रदेश सरकारसँग आफ्ना समस्या र माग राख्दै गरिएको छलफलमा सडक विस्तार समस्या समाधान भन्दा पनि फरक धारबाट कुरा आएको देखिन्छ । नेपालको पूर्बपश्चिम राजमार्ग 'एसियन हाइ–वे' अन्तरगत राखिएका कारण नेपाल सरकारले चाहेर पनि सडकको एलाइन्मेन्ट परिवर्तन गर्न नसकिने बताइएको छ । बाइपास सडक बनेको खण्डमा बजार क्षेत्रमा भारी सवारी प्रबेशमा रोक लगाउन सकिन्छ । फेरिपनि हाम्रा मुख्यमन्त्रीले १५ मिटर, १६ मिटर भनेर रट लगाउनुको कुनै अर्थ छैन । एसियाली विकास बैंक, वर्ल्ड बैंकले एसियन हाइ–वेको रुपमा नेपालको पूर्वपश्चिम राजमार्गलाई बिस्तार गर्न लागेको हो । यसका लागि नेपाल सरकार जिम्मेवार बनेर जानुपर्ने हुन्छ ।

हेटौंडा बजारको दायाँबायाँ रहेका घरटहरालाई राज्यले प्रक्रियागत ढंगले उचित क्षतिपूर्ति दिएर सडक बिस्तार गर्नुको बिकल्प छैन । सडक स्तरोन्नतिका क्रममा कुल ६ सय ८८ वटा निजी संरचना प्रत्यक्ष प्रभावित हुने देखिएको छ । आयोजनाको प्रभाव क्षेत्रभित्र कुल एक सय ८० वटा सामुदायिक संरचना रहेका छन् । हेटौंडाको राप्तीदेखि कर्रा पुलसम्म २ सय ८५ घर, हेटौंडा बजारक्षेत्र बाहेकका दुई सय ५ घर र अन्य पालिकाभित्रका एक सय ९८ वटा घर प्रभावित हुने प्रतिवेदनमा उल्लेख छ । परियोजनाले पथलैयादेखि हेटौंडा हुँदै भरतपुरको गोन्द्राङसम्म कुल एक सय किलोमिटर सडक स्तरोन्नति गर्ने योजना रहेको बताएको छ । जसको विस्तृत डिजाइन तयार भइसकेको छ । ४ लेनको सडक सुदृढीकरणसँगै साइड ड्रेन, सर्भिस लेन, फुटपाथ तथा यातायात सुरक्षाका अन्य संरचना निर्माण गरिनेछ । सडक विभागको आयोजनामा तीन वर्षभित्र कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत् २५ गज सडक विस्तारबाट प्रभावित घरधनी तथा व्यवसायी र बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँबीच भएको अन्तरक्रियामा सहभागी प्रभावितले उचित मुआब्जा, कानुनी समाधान र न्यायोचित क्षतिपूर्ति प्रदान गर्न माग गरेका थिए । समितिका संयोजक राजकुमार न्यौपानेले लामो समयदेखि पीडितको समस्या सुनुवाइ नभएको गुनासो गर्दै, केन्द्रीय सरकारसँग समन्वय गरेर सडक विस्तार प्रभावितको समस्या समाधान गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराए । उनले मुख्यमन्त्री बानियाँसमक्ष दीर्घकालीन समाधानको लागि पहल गर्न आग्रह गरे । अन्तरक्रियामा मुख्यमन्त्री बानियाँले हेटौंडामा २५ गज सडक विस्तारका सन्दर्भमा आफूले पहिलेदेखि नै १६ मिटर कायम गर्नुपर्ने पक्षमा आवाज उठाउँदै आएको दाबी गरेका छन् । जुन दाबी एडीवी र वर्ल्ड बैंकले सुन्नेवाला छैन । विगतमा डोरमणि पौडेल नेतृत्वको सरकारमा प्रतिपक्षी दलमा रहँदा नै आफूहरु १६ मिटर सडक बिस्तारको पक्षमा रहेको उनले बताएका छन् ।

उनले जनताको समस्याको समाधान राज्यले दिनुपर्ने बताए । राज्य कठोर हुन सक्छ तर, निर्दयी हुन पाईंदैन भन्दै उचित व्यवस्थाबिना संरचना भत्काइएको प्रति मुख्यमन्त्री बानियाँले आपत्ति जनाए । अप्राकृतिकरुपमा बनेको सरकारले नागरिकलाई घरबारविहीन हुने अवस्थामा पुऱ्याएको भन्दै उनले आक्रोश व्यक्त गरेका छन् । राज्यले वैकल्पिक व्यवस्थापन गरेर मात्रै सडक बिस्तार गर्नुपनमा जनता उठिबास लगाउने कार्य गरेको उनको आरोप थियो । सडक डिभिजन कार्यालयले गत मङ्सिर २० गते हेटौंडाको महेन्द्र राजमार्गअन्तर्गत रातोमाटेदेखि राप्ती पुलसम्म र त्रिभुवन राजपथअन्तर्गत बुद्धचोकदेखि चौकीटोल ओरालोसम्मका घर तथा संरचना भत्काएको थियो । करिब ७ किलोमिटर क्षेत्रभित्र ५०० भन्दा बढी घर तथा संरचना जेसीबी प्रयोग गरेर भत्काइएपछि डिभिजन सडक तथा प्रशासनले सर्वोच्च अदालतबाट 'स्टे अर्डर' जारी भएपछि मङ्सिर २१ गतेदेखि काम रोकेको छ । सर्वोच्च अदालतले मङ्सिर १६ मा दायर भएको रिटमाथि मङ्सिर १९ मा अल्पकालीन आदेश गर्दै स्टेअर्डर दिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन ११ गते सोमबार २३ फेब्रुअरी २०२६ । षष्ठी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३७ सूर्यास्त ५:५९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | तुला | : मानसिक तनाव बढ्नेछ |
| वृष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | वृश्चिक | : मनमा छट्पटि बढ्नेछ |
| मिथुन | : पवित्र कर्ममा मन जानेछ | धनु | : शत्रु पराजय हुनेछ |
| कर्कट | : घरेलु समस्याले सताउने देखिन्छ | मकर | : बुद्धि र पराक्रम बढ्नेछ |
| सिंह | : महत्वपूर्ण भेटघाट हुनेछ | कुम्भ | : नातागोतासँग भेटघाट हुनेछ |
| कन्या | : उपहार हात लाग्नसक्नेछ | मीन | : रोकिएको कामहरु बन्नेछ |

# जेनजी आन्दोलन, चुनाव र रूपान्तरणको प्रश्न



✍डा. रमेश सुनाम

### बेथितिको चाङ

नयाँ पार्टी भन्दैमा उत्तम र पुरानो भन्नेबित्तिकै खत्तम भन्ने भाष्यले बहसलाई उन्नत बनाउँदैन नै । तर पुराना पार्टीका शीर्ष नेताले लामो समयसम्म नेतृत्व गर्दा देशको अवस्था कता पुग्यो भनेर हेर्न भने जरुरी हुन्छ । कुशासन र भ्रष्टाचारको दलदलमा देशलाई हालेर राज्यको ढुकुटीमा हालीमुहाली जमाउँदै आफू र आफ्नालाई सुकिला-मुकिला बनाए । राज्य संयन्त्रको चरम राजनीतीकरण गरे र तिनलाई पार्टीको भर्तीकेन्द्र बनाए । देशको सुरक्षा इन्टेलिजेन्स कस्तो बनाएछन्, प्रधानमन्त्री नै सेनाको हेलिकप्टरमा भाग्नुपर्ने अवस्थाको आकलन गर्न नसक्ने! कस्तो सुरक्षा संयन्त्रको विकास गरेछन्, पटकौं प्रधानमन्त्री र मन्त्री भएकाहरूले आफ्नै निवासमा कुटाइ खानुपर्ने, भागाभाग गर्नुपर्ने, लुक्नुपर्ने!

जनताले बिरामी हुँदा उपचार खर्चको अभावमा अकालमा ज्यान गुमाउनुपर्ने, घरबार विहीन हुनुपर्ने अवस्था हुँदा नेता र तिनका आसेपासेको मोजमस्ती जनताले देख्दै आएका थिए । पेसा-व्यवसाय केही छैन तर महँगो घर, गाडी अनि विलासिताको जीवन । यिनको पेसा भ्रष्टाचार र बिचौलिया हो भनेर जनता बेखबर थिएनन् । नेता अझै कुर्लिराखेका छन्, 'देश पहिलाको भन्दा राम्रो भएको छ, बाटोघाटो, पुल आदि-इत्यादि हेर ।' तर, त्यही समयमा अरू देश समृद्धिको भऱ्याङमा कति माथि पुगेका छन् भनेर जनताले बुझिराखेका थिए । कति नेता र कर्मचारीले भ्रष्टाचार गर्ने, छोराछोरी विदेश पठाउने अनि हुन्डीमार्फत करोडौं पैसा विदेश पुऱ्याएको पनि जनताले बुझेकै छन् ।

संसदीय लोकतन्त्रको हुर्मत लिँदै कांग्रेस, एमाले र माओवादीले गठबन्धन राजनीतिको दुरुपयोग गरे । संसदीय लोकतन्त्रमा विपक्षको भूमिका महत्त्वपूर्ण हुन्छ तर पछिल्लो समयमा त दुई ठूला मुख्य दल कांग्रेस र एमाले नै मिलेर गठबन्धन सरकार बनाए । बडेमानका नक्कली भुटानी शरणार्थी, वाइडबडी, ललिता निवास, गिरिबन्धु, ३३ किलो सुन, यती होल्डिङ्स जस्ता भ्रष्टाचार काण्डलाई दबाउन र आफ्नालाई बचाउनका लागि गठबन्धन गरे भनेर जनताले बुझिहाले । यस्तै कुशासन र बेथितिको चाङका कारण निराशाको आगो भित्रभित्रै दन्किरहेको थियो, जसका कारण जेनजी जुर्मुराए ।

सरकारलाई लागेको थियो होला- दुई-चार जेनजीलाई गोली हानेर ढालेपछि सत्ता जोगिन्छ । विगतमा नि यस्तै हतकण्डा अपनाउँदै आएका थिए । प्रहरीका केही वरिष्ठ अधिकारीलाई नि लागेको थियो होला- गोली हानेर केही ढालेपछि सत्ता जोगिन्छ अनि आफ्नो बढुवामा सहज होला । तर यो पटक भने परिणाम उनीहरूले सोचेजस्तो आएन । जनता किन सधैं चुप लाग्थे, त्यस्तो नरसंहार र हत्या हुँदा? जनताको धैर्यको बाँध फुट्यो । विदेशी शक्तिको चलखेल कहिले भएको थिएन? तर जेनजी आन्दोलनको पछाडि आन्तरिक कारण नै प्रधान थिए । अहिले अर्बौं खर्च गरेर दुई वर्ष अगावै चुनाव गर्नुपर्ने बाध्यात्मक परिस्थिति निम्तियो । पुराना पार्टी र तिनका नेताको अकर्मण्यताको परिणाम हो यो ।

### भिजन र भाइरलता

पुराना दल र पुरानो नेतृत्वबाट परिवर्तनको आशा गर्नु भनेको त भ्रष्टाचार, बेथिति, र अन्याय रोज्नु बराबर हो भन्ने बुझाइ बढ्दो छ । नयाँ दलले बेथिति, भ्रष्टाचार आदिको चर्को आलोचना गर्ने गरेका छन् । त्यस्तो विरोध त पुराना दलका नेताले झन् चर्को गर्ने गरेका छन् । नयाँ दलको भिजन र योजना के हो भन्नेमा आम जनता अझै अन्योलमै छन् । सुशासनको मोडल के हो? संघीयता, धर्मनिरपेक्षता, समावेशिता, अन्तर्राष्ट्रिय सम्बन्ध, वैदेशिक सहायता, कृषि र समग्र विकास आदिको प्रश्नमा यिनको दृष्टिकोण के हो? यस्ता संवेदनशील विषयमा नयाँ दलले चिप्ला र ढुलमुले कुरा गर्दै छन् जसले भोटको राजनीतिमा अस्त्रको काम त गर्ला । तर भोट, लाइक र सेयरले मुलुकमा समृद्धि भने आउँदैन । टिकट वितरणको उदाहरण लिएर पुराना र नयाँ पार्टीको सोच र व्यवहारलाई एकचोटि नियालौं । आसन्न निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवारको टिकट वितरणमा रास्वपा पुराना दलहरूको जस्तै सोचबाट प्रताडित देखियो । जनसंखयामा

करिब ३१ प्रतिशत हिस्सा ओगट्ने खस-आर्य समुदायलाई यो दलले सबैभन्दा बढी करिब ६५ प्रतिशत टिकट दिएको छ । गगन थापा नेतृत्वमा आएपछि पनि नेपाली कांग्रेसमा सोच नयाँ देखिएन, यो समुदायलाई ६१ प्रतिशत टिकट दियो । महिलाको हकमा नयाँ वा पुराना दलमा खासै भिन्नता मिलेन, करिब १० प्रतिशतको हाराहारीमा टिकट दिए । दलित समुदायलाई नयाँ र पुराना दलले प्रत्यक्षमा एक-दुईजनाभन्दा बढी कसैले टिकट दिएनन् । अपवादमा बरू श्रम संस्कृति पार्टीले आठजना दलितलाई टिकट दियो । 'दलित लाइभ्स म्याटर'को एक अध्ययनअनुसार २०७४ र २०७९ मा भएको प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनमा करिब ३ प्रतिशत दलित उम्मेदवार थिए भने महिला करिब १२ प्रतिशत थिए । मुख्य भनिएका र चर्चामा आएका दलहरू दुवैले विगतको भन्दा पनि कम संख्यामा दलित र महिला उम्मेदवार बनाए, समावेशिताको सवालमा यिनको सोचमा खासै फरक देखिएन । झन् नयाँ भनाउँदाले त समानुपातिक बन्दसूचीमा धेरै 'सेलिब्रेटी' र भाइर लवालालाई राखेका छन् । कति त दलितको 'द' पनि उच्चारण गर्न लजाउनेलाई राखेका छन् । तिनले दलित समुदायको भावना र मुद्दाको कस्तो प्रतिनिधित्व गर्लान् ? चुनावमा खर्च गर्न सक्नेलाई टिकट दिन बाध्य भएकाले सीमान्तकृत समुदाय वञ्चित भए भन्ने कति विज्ञले भन्ने गरेका छन् तर त्यो बुझाइ सत्यजनिक छैन । नयाँ या पुराना दल दुवैको सोच नै सीमान्तकृतलाई शक्तिमा आउन कसरी वञ्चित गर्ने भन्नेमा केन्द्रित छ । पहिलो संविधानसभा चुनावमा तत्कालीन माओवादी (नेकपा) ले धेरै दलित, महिला र सीमान्तकृत उम्मेदवारलाई प्रत्यक्षमा टिकट दियो र अधिकांशले जितेका थिए । समावेशिताका लागि पार्टी र कार्यकर्ता प्रतिबद्ध भएर सहयोग गरे सीमान्तकृत समुदायका उम्मेदवारले पनि जित हासिल गर्न सक्छन् भन्ने उदाहरण हो यो ।

कतिपयले बालेनलाई रहस्यमयी प्रधानमन्त्रीका पात्रका रूपमा चित्रित गरेका छन् । मधेसीको छोरो प्रधानमन्त्री बन्दा त्यसको सिम्बोलिक (प्रतीकात्मक) अर्थ हुन्छ नै तर देशको समृद्धिका लागि त्यस्तो सिम्बोलिक कुराले धेरै फरक पार्दैन । त्यस्तो व्यक्तिको भिजन, कार्यशैली र व्यवहारको भने विशेष अर्थ हुन्छ । बालेन काठमाडौं महानगरको मेयर हुँदा सुकुम्बासी र सडकको पेटीमा बसेर जनतेन गुजारा चलाएकालाई वैकल्पिक व्यवस्था नगरी नगर प्रहरी लगाएर लखेटे, के उनी यसरी नै समृद्धि आउँछ भन्ने ठान्छन् ? कि यस्तो गर्नुहुन्न भन्ने नयाँ चेत उनमा पलाइसक्यो? राज्यले त विपन्नको भावना बुझ्न सक्नुपर्छ, उनीहरूलाई जिउने आधार दिन सक्नुपर्छ, उनीहरूका सन्ततीलाई सपना देख्न सक्ने बनाउनुपर्छ ।

एउटा व्यक्तिले नै देश सखाप पार्छ भन्ने भाष्यमा विश्वास गरिहाल्न सकिन्न । 'चेक एन्ड ब्यालेन्स' (शक्ति सन्तुलन र नियन्त्रण) होस् भनेर नै संसदीय लोकतन्त्रको अभ्यास छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई फरक-फरक संवैधानिक भूमिका दिइएको छ । सञ्चार क्षेत्र र नागरिक समाज कमजोर छैनन् । पहिला कथित भिजन भएकै प्रधानमन्त्री भएर खासै केही लछारपाटो लाएका थिएनन् । आम जनतासँगको बृहत् अन्तरसंवादबाट सामूहिक भिजन बनाउन सकिन्छ, जोकोही नयाँ व्यक्ति मुलुकको नेतृत्वमा आएपछि पनि सामूहिक भिजन निर्माण गर्न सक्छन् । मात्र चाहिन्छ, इच्छाशक्ति र योजना । तर नयाँ पार्टी र नेतृत्वले पनि पुरानै सोच, प्रवृत्ति र कार्यशैली दोहोऱ्याए जनतालाई 'तातो तेलबाट उम्केर भुङ्ग्रोमा परेको' जस्तो अनुभव हुनेछ ।

पुराना वा नयाँ पार्टी जुनबाट भए पनि देशले नयाँ नेतृत्व पाएमा केही आशा गर्ने ठाउँ भने पक्कै हुन्छ । पुराना पार्टी र खासगरी तिनको नेतृत्वलाई नागरिक खबरदारीले छुँदै छोएन । पुराना नेता जति नयाँ भ्रष्ट नहोलान् कि भन्ने कामना गर्न सकिन्छ वा कम्तीमा भ्रष्टाचारका तौरतरिका सिक्न केही समय लाग्ला । केही वर्ष देशमा भ्रष्टाचार कम भए पनि मुलुककै हितमा हुनेछ । पुराना पार्टीले चरम राजनीतीकरण गरेर थिलथिलो बनाएका संवैधानिक निकाय र सरकारी संस्थाहरू- न्यायालय, सुरक्षा निकाय, अख्तियार आदि बिस्तारै तिनको पन्जाबाट मुक्त हुँदै जालान् भन्ने आशा राख्न सकिन्छ ।

### रूपान्तरण गर्नैपर्ने केही "हटस्पट"हरू

चुनावमार्फत नयाँ वा पुराना पार्टी जसले जिते पनि, सरकार जुन दलको बने पनि, सार्थक परिवर्तन ल्याउन आमूल रूपान्तरण गर्नैपर्ने केही महत्त्वपूर्ण क्षेत्र अर्थात् हटस्पटहरू छन् । अन्य धेरै क्षेत्रहरू महत्त्वपूर्ण पनि छन् तर यहाँ राज्यका विशेष संस्था न्यायालय, कर्मचारीतन्त्र र प्रहरी प्रशासनलाई थप बहसका लागि विशेष जोड दिन खोजिएको छ ।

### न्यायालय

अबको न्यायालय निर्मल हुनुपर्छ । पार्टी र आफ्ना मान्छेको भर्तीकेन्द्र र राजनीतीकरणबाट यसलाई मुक्त गराउन ढिला गर्नै हुँदैन । जुन देशमा न्यायालय निर्मल हुँदैन अर्थात् जहाँ न्यायक्षेत्रको 'इकोसिस्टम' दूषित हुन्छ, त्यो देशका जनताको भागमा न्याय र समृद्धि हात लाग्दैन । विभिन्न छानबिन तथा अनुसन्धानका प्रतिवेदनले मात्रै होइन धेरै न्यायाधीश, वकिल र भोगेका जनताले स्वीकारेको सत्य के हो भने, हाम्रो न्याय प्रणाली चुस्त छैन, भ्रष्टाचार र घुसखोरीबाट चरम प्रताडित छ ।

चुरो समस्या न्यायाधीश छनोटमै छ । अधिकांशको हकमा, न्यायाधीश कुन पार्टीको कोटामा परेका र कुन पार्टीनिकट छन् भनेर छर्लङ्ग जस्तै देखिन्छ । यस्तो अवस्थामा कसरी न्यायालयले निष्पक्ष न्याय दिन्छ भनेर विश्वास गर्ने ? सांसद भइसकेका व्यक्तिलाई सर्वोच्चको न्यायाधीश बनाउने सम्मको हर्कत भएको छ । कसैको मेरिट छ भन्दैमा पार्टीको नेतालाई न्यायाधीश बनाउनु कत्तिको सही हो? यस्ता प्रवृत्तिले न्यायालय, कार्यपालिका र व्यवस्थापिका बीचको सम्बन्धलाई प्रदूषित बनाएको छ । फैसला पीडितमुखीभन्दा पार्टीमुखी हुने खतरा हुँदैन र ? न्यायालयले पूर्वाग्रही गन्ध दिएका धेरै उदाहरण छन् । उदाहरणका लागि, रवि लामिछाने प्रकरणलाई हेरौं । कुनै श॥ छैन, लामिछाने काण्डैकाण्डमा जेलिएका पात्र हुन् । तर सरकार, प्रहरी, सरकारी वकिल, अदालत लागेर लामिछानेलाई जिल्ला दौडाहामा लगे, धेरै हैरानी दिए । त्यसो त, उच्च तप्काका कुन नेता र कर्मचारीलाई भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणको मुद्दा आकर्षित नहोला? लामिछाने प्रकरणबाट थाहा हुन्छ, पुराना पार्टीका नेतृत्वले आफूविरुद्ध औँला उठाउनेलाई राज्य संयन्त्रको दुरुपयोग गरी कसरी ठेगान लगाउँदै आएका रहेछन् भनेर ।

यस्तो न्यायालय तथा राज्य संयन्त्रले विपन्न, दलित, महिला तथा सीमान्तकृत आदिलाई कस्तो न्याय देला, सहजै अनुमान लगाउन सकिन्छ । अधिकांश लैङ्गिक तथा जातीय विभेद र हिंसाका घटनामा प्रहरी, सरकारी वकिल तथा राजनीतिक पार्टी कसरी पीडकलाई जोगाउने वा कम सजाय दिलाउने भनेर लाग्ने गरेकै हुन्छन् । तर न्यायालय पनि त्यसैको सारथी बन्यो भने पीडितको नियति के होला सजिलै अनुमान लगाउन सकिन्छ । केही न्यायाधीशले निष्पक्ष न्यायिक क्षमता प्रदर्शन गर्दै हिंसा र विभेदका घटनामा थोरै भए पनि सजाय दिलाउँदै आएका छन्, जसलाई नजर अन्दाज भने गर्न मिल्दैन । न्यायालयमा समावेशिताको प्रवर्द्धन गर्न ढिला गर्न हुँदैन । पार्टीको कोटामा परेका न्यायाधीश नै बेलाबेला 'न्यायालयमा समावेशिता हुनुहुँदैन' भनेर बुरुक्क गर्ने गरेका छन् । समावेशिताको प्रक्रियाबाट नै मेरिटको सुनिश्चितता गर्न सकिन्छ, जुन हालको छनोट प्रचलनभन्दा उन्नत प्रक्रिया हो ।

निजामती क्षेत्रमा भएको समावेशितालाई हेर्दा, न्यूनतम योग्यता हासिल गरेर, लोकसेवाका परीक्षा र अन्तर्वार्तामा सामेल मात्रै हैन उत्तीर्ण भएर आफ्नो समूहमा अब्बल भएपछि पद पाउने हुन् । तुलना गर्दा, न्यायाधीश प्रतिस्पर्धाबिनै, अनौपचारिक कोटा पाएका देखिन्छन् भने समावेशिताबाट गएका कर्मचारी पो ठोस मेरिटोक्रेसी (योग्यता प्रणाली) प्रक्रियाबाट गएका देखिन्छन् ।

उत्ति नै पढेका र योग्यता भएका महिला र दलितहरू न्यायाधीश हुनका लागि किन सिफारिसमा पर्दैनन् वा कम पर्छन् ? किनकि वर्चस्वशाली समूहले मेरिटको आधार बनाउने भएकाले सामान्यता उनीहरूले आफ्नै समूहलाई फाइदा पुग्ने हिसाबले त्यस्ता नीतिनियम र भाष्यको निर्माण गरेका हुन्छन् । हो यस्तै कथित मेरिट प्रणालीका संरचनात्मक जञ्जिरहरू छिचोल्न मेरिट भएका सीमान्तकृतलाई गाह्रो हुन्छ । त्यही भएर नै समावेशिता चाहिएको हो । त्यसैले मेरिटलाई बहिष्करणलाई दिगो बनाउने अस्त्रका रूपमा प्रयोग गरिनु हुन्न भन्ने मान्यता देश-विदेशका प्राज्ञिक क्षेत्रमा जब्बर स्थापित हुँदै गएको छ ।

न्यायाधीशलाई भ्रष्टाचारमा छानबिन गर्ने संयन्त्रलाई सहज बनाउन आवश्यक छ । सर्वोच्चका न्यायाधीशले भ्रष्टाचारमा छानबिन गर्नुपरे महाअभियोगको प्रस्ताव नै अघि बढाउनुपर्छ भने अन्य तहका न्यायाधीशको हकमा न्याय परिषद्ले छानबिन गरेर दोषी देखे पछि मात्रै भ्रष्टाचारको मुद्दा अघि बढ्न पाउने धेरै लामो र जटिल व्यवस्था गरिएको अवस्था छ । यो धेरै उदेकलाग्दो विषय छ, अरूलाई न्याय दिन्छु भन्नेले 'आफू स्वच्छ छु, अवैध सम्पत्ति कमाउँदिन वा कमाएको छैन' भनेर आफूलाई प्रमाणित सहजै गर्न दिने व्यवस्थाले त झन् न्यायपालिकामाथि जनताको विश्वास बढ्दैन र?

### कर्मचारीतन्त्र

स्वच्छ, समावेशी, जवाफदेही तथा नतिजामुखी कर्मचारीतन्त्रबिना मुलुकको समृद्धि असम्भव हुन्छ । लोकसेवाको प्रक्रिया भनेको सीमित संखयाको पदका लागि योग्य व्यक्तिहरू धेरै हुन्छन्, ती योग्य व्यक्तिहरूबाट मागसंखया बराबर मान्छे त्यसमा पनि अलि बढी योग्य व्यक्ति छान्न सकिन्छ कि भनेर गरिने छनोट पद्धति हो । यस्तो पद्धतिका धेरै सीमितता छन् तर सोर्सफोर्स, राजनीतिक प्रभावबाट हुने नियुक्तिबाट छानिने तरिकाभन्दा यो अलि बढी उत्तम प्रक्रिया चाहिँ हो । त्यसैले लोकसेवामा धेरै अङ्क ल्याउने व्यक्ति खतरा मेरिटवाला हो भन्नु चाहिँ, मेरिटको बुझाइको सीमितता हो । धेरै अङ्क ल्याउने भ्रष्टाचार र चाप्लुसीमा डुबेको हुन सक्छ, केही कम अङ्क ल्याएका स्वच्छ छविका साथ जनतालाई गुणस्तरीय, मर्यादित सेवा दिइराखेका हुन सक्छन् । त्यसैले लोकसेवाको धेरै अङ्कभन्दा एक कदम अगाडि बढेर, कर्मचारीको कार्यकुशलता, सेवाको गुणस्तर, जनतासँग गर्ने व्यवहार र नतिजामा मेरिट हेरिनुपर्छ ।

व्याप्त भ्रष्टाचार, कामचोर प्रवृत्ति, हाकिमे प्रवृत्ति, सेवाग्राहीलाई रैती ठानेर हेप्ने प्रचलनबाट कर्मचारीतन्त्रलाई मुक्त पार्न जरुरी छ । कडा कर्मचारी आचारसंहिता र त्यसको कार्यान्वयन अर्को मुख्य चुनौतीको विषय हो । विकसित देशहरूमा सरकारी कर्मचारी सबै हिसाबले 'रोल मोडल' हुनुपर्ने हुन्छ, चाहे कार्यालय समयमा होस् या अन्य । लोकसेवावाला भन्दैमा गलत आचरण र आचारसंहिताको उल्लैन सह्य हुनुहुँदैन । एकचोटि लोकसेवाबाट जागिर पाएपछि सधैं स्थायी भन्ने हुनु हुँदैन । कार्यकुशलता राम्रो नभएमा, भ्रष्टाचार गरेमा वा अन्य कुनै आचरण खराब भएमा सेवाबाट बिदाइ गर्ने नियम हुनुपर्छ । कर्मचारी भएर राजनीतिक पार्टीका नेताभन्दा चर्को पार्टीगिरी गर्ने रोग कर्मचारीतन्त्रमा गढेको छ । केही समयअघि एक जना मुख्यसचिव थिए । उनी अन्य सचिव तथा सहकर्मी लिएर 'कुलिङ पिरियड'को सवालमा सरकारले बनाउन लागेको नीतिको खुलमखुला विरोध गर्दै हिँड्दै थिए । उनी अपवाद नभई यस्तो प्रवृत्तिका एक प्रतिनिधि पात्र मात्रै थिए । त्यस्तो लज्जास्पद गतिविधिमा संलग्न कर्मचारीलाई कारबाही गर्ने दरिलो कानुन नभएर होला, उनलाई केही कारबाही भएन । तर सरकारी कर्मचारीको यस्तो तहको हर्कत विकसित देशमा सह्य हुँदैन ।

उदाहरणका लागि, माइक पेजुलो भन्ने अस्ट्रेलिया सरकारका एउटा विभागका शक्तिशाली सचिव थिए । दुई वर्षजति अगाडि, सन् २०२३ मा उनलाई सरकारले पदबाट हटाइदियो । उनले एक राजनीतिक पार्टीका नेतासँग ह्वाट्सएपमार्फत गोप्य कुराकानी गर्दै राजनीतिक निर्णय र नियुक्तिमा लबिङ गरेको यथार्थ सञ्चारमाध्यममा आउनेबित्तिकै उनी निलम्बनमा परे । थप छानबिन गरी उनलाई जागिरबाट पदच्युत गरियो । सरकारी कर्मचारी पनि नागरिक भएकाले विचार राख्न स्वतन्त्र हुन्छन् तर आम नागरिकसरह सरकारी नीतिको निर्माण तथा कार्यान्वयनमा भाँजो हाल्ने गरी विरोध गर्नु आचार संहिताभित्र पर्दैन र विकसित मुलुकमा त्यस्तो सार्वजनिक विरोध र भाँजो हाल्ने कर्मचारीलाई जागिरबाट निकालिन्छ । लोकसेवावाला मेरिट भनेर जागिर जोगिँदैन । नेपालमा त कर्मचारीको अनियमितता वा आचरण परीक्षण गर्न बनेका छानबिन आयोग, यथार्थमा भ्रष्ट र आचरणहीनलाई 'जोगाउने' आयोग बनिदिन्छन् ।

नेपालमा निजामती कर्मचारी वा गोप्य सूचनासँग सम्बन्धित क्षेत्रमा काम गर्ने व्यक्तिको समग्र सुरक्षा पृष्ठभूमि र संवेदनशीलताको परीक्षण सम्बन्धी नीति र त्यसको कार्यान्वयन अति आवश्यक भइसकेको छ । विकसित देशमा यस्तो सुरक्षा तथा संवेदनशीलता परीक्षण गर्दा पारिवारिक सम्बन्ध, व्यक्तिगत चरित्र, पृष्ठभूमि, आचरण र विश्वसनीयता, आपराधिक गतिविधि, रोजगारीको इतिहास, वैदेशिक यात्रा, बसाइ, आर्थिक अवस्था आदिको महिनौं लगाएर गहन चेकजाँच गरिन्छ । यस्तो परीक्षणमा असफल भएका व्यक्ति मेरिट प्रक्रियाबाट छनोट भएको भए पनि संवेदनशील कार्यालयमा रोजगारी पाउँदैनन् वा पहिल्यै कर्मचारी भइसकेको भए गोप्य तथा संवेदनशील क्षेत्रबाट सरुवा गरिन्छ । यस्तो परीक्षणको उद्देश्य कर्मचारी विश्वसनीय छ कि छैन र उसले राष्ट्रिय सुरक्षामा खतरा पुऱ्याउँछ कि पुऱ्याउँदैन भनेर सुनिश्चित गर्नु हो । यस्तो व्यवस्थाले संवेदनशील तथा गोप्य सूचना घरीघरी चुहिने समस्यालाई रोक्न सक्दछ । सरकारी जागिर खाएर विदेशी संस्था वा सरकारका एजेन्ट हुने प्रवृत्तिलाई पनि निरुत्साहित गर्न सकिन्छ ।

### प्रहरी प्रशासन

अबको प्रहरी प्रशासन निष्पक्ष, पीडितमैत्री तथा अनुसन्धानमुखी हुनु जरुरी छ । शान्तिसुरक्षा, न्याय र सुशासनका लागि जनताले गुहार गर्ने राज्यको पहिलो तहको संस्था हो, प्रहरी । प्रहरी संस्थाको आफ्नै इतिहास छ, लिगेसी छ । तर के साँच्चै लोकतन्त्र र सामाजिक न्यायको कसीबाट हेर्दा प्रहरी जनमुखी र निष्पक्ष छ त? केही राम्रा कार्य गर्ने प्रहरी अधिकारीलाई छोडेर हेर्दा, प्रहरीको प्रवृत्ति 'नेतालाई सलाम, गरिबलाई लात र डन्डा हान्ने' पञ्चायतकालीन चरित्रबाट धेरै माथि उठेको भने देखिँदैन । कम्तीमा धेरै विपन्न र पछाडि पारिएका आम जनताले फरक अनुभूति गरेको पाइँदैन । विपन्न तथा दलितलाई पक्रिनेबित्तिकै दुई-चार लात हान्ने त नेपाल प्रहरीको आचारसंहितामा पर्छ भन्दा कसैको विमति नहोला । हिरासतमा थुनुवा कुट्नु त सामान्य विषय हो । त्यसो त प्रहरीले दलित तथा अन्य सीमान्तकृत समुदायलाई गर्ने व्यवहार नै फरक हुने गर्छ, धेरैको भोगाइमा ।

पक्राउ पर्दा होस् वा अनुसन्धानका क्रममा प्रहरीले तुच्छ भाषा प्रयोग गर्ने, पिट्ने त कुनै नौलो विषय रहेन तर यस्तो व्यवहार सीमान्तकृतले अझ बढी सामना गरिदिनुपर्छ । प्रहरीको पिटाइले कति दलित हिरासतमै मारिएका छन्, त्यो हत्या हुँदैन किनकि नेपाली राज्यका नजरमा दलितहरू 'होमो सेकर' बराबर हुन् । इटालियन दार्शनिक जर्जियो अगाम्बेनको अवधारणामा, 'होमो सेकर' त्यस्तो व्यक्ति हो जसलाई जस्तो हिंसा गरे पनि हुन्छ, ऊ मारिँदा पनि कोही दण्डित हुनुपर्दैन किनकि ऊ मारिनुलाई हत्या मानिँदैन । होमो सेकरले कुटाइ खानु, हिंसामा पर्नु समाज र राज्यका लागि कुनै ठूलो विषय हुँदैन । प्रहरीले झुठा मुद्दा लाउँदा धेरै दलित तथा सीमान्तकृतहरू फसेका छन्, तर राज्य त्यसको लेखाजोखा गर्न चाहँदैन । महिला, विपन्न तथा दलितलाई न्याय पाउन दरिलो प्रमाण चाहिन्छ । तर उनीहरूको प्रमाणलाई हतपत प्रमाण नै मानिँदैन ।

कुनै आपराधिक घटना हुँदा, प्रहरीले कोही 'रेडीमेड दोषी' करार गर्नु परे, त्यो समुदाय दलित तथा सीमान्तकृत समुदाय हुन आउँछ । अनि अदालत र राज्यका अन्य निकाय उनीहरूलाई बिनाप्रमाण वा कमजोर प्रमाण हुँदा पनि दोषी करार गर्न उद्यत हुने गर्छन् । उनीहरूले अपराध नगरे पनि अपराधी बनिदिनुपर्छ तर न्यायका लागि अनवरत लडाइँ लड्दा पनि, उनीहरूलाई न्याय हतपत हात लाग्दैन । सरकार र राजनीतिक नेतृत्वले प्रहरी सङ्गठनलाई जनउत्तरदायी बनाउन कडा कानुनी प्रबन्ध र कार्यान्वयन गर्न अग्रसर हुनुपर्ने हो । तर आफ्नै कार्यकर्ताको टाउको फुट्दा त 'हाम्रो सरकार आएपछि सलाम गर्छन्, अहिले चुप लाग' भनेर थामथुम गर्ने नेताहरूबाट होमो सेकर समुदायले केही आश गर्नु व्यर्थको कुरा हो । तर जहिलेसम्म प्रहरी प्रशासनमा भएको समस्यालाई अपवाद होइन, साझा प्रवृत्ति हो भनेर आम बुझाइ बन्दैन, तबसम्म प्रहरीसँग सम्बन्धी नीति, कानुन र प्रहरी व्यवहार सुधार्ने गतिलो आधार तयार हुँदैन ।

अन्त्यमा, केही असल नेता, न्यायाधीश, प्रहरी वा कर्मचारी नभएका होइनन्, तर ती संस्थाको समग्र चरित्र र प्रवृत्तिको कुरा हो । जब यसो अपवादमा मात्रै हो न्यायाधीश, प्रहरी, कर्मचारी, नेताले गलत गरेको, समग्रमा हामी संसारकै अब्बल हौं भन्ने घमण्ड नत्यागदासम्म हुने भनेको सुधार, अलिअलि टालटुल मात्रै हो ।

*(साभार: अनलाइनखबर)*

# घोषणापत्रमा खेलकुद : भुइँ नटेकेका महत्वाकांक्षी योजना

काठमाडौं/२०८१ को मङ्सिरमा हुनुपर्ने १०औं राष्ट्रिय खेलकुद कहिले हुने हो? निश्चित छैन । पटक-पटक स्थगित हुँदा १०औं को तयारीमा रहेका खेलाडीहरू अन्योलमा छन् । हालसम्म ४ पटक स्थगित भइसकेको छ । त्यसमध्ये ३ पटक स्थगित हुँदा नेकपा एमाले नेतृत्वको सरकार थियो । आफ्नो पार्टीको नेतृत्वमा सरकार भएको बेला पटक-पटक स्थगित गरेको एमालेले चुनावी घोषणापत्रमा भने राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै गर्ने प्रतिबद्धता जनाएको छ ।

एमालेले राष्ट्रिय खेलकुद नियमित र निर्धारित समयमै गर्ने उद्घोष घोषणापत्रमार्फत गरेको हो । १०औं खेलकुद स्थगित हुँदा महत्त्वपूर्ण भूमिका खेलेका नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले समेत राष्ट्रिय खेलकुदलाई नारा बनाएका छन् । कांग्रेसले प्रत्येक २ वर्षमा राष्ट्रिय खेलकुद आयोजनाको सुनिश्चितता गर्ने उद्घोष गर्दा नेकपाले भने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू नियमित आयोजना गरी खेलाडीको सहभागिता, प्रतिनिधित्व तथा सम्मान सुनिश्चित गरिने वाचा गरेको छ ।

आफ्नो पार्टीबाट युवा तथा खेलकुदमन्त्री बन्दा राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा आफ्नो मान्छे हाल्न लागिपरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पनि खेलकुदलाई भर्तीकेन्द्रबाट मुक्त गराउने घोषणा गरेको छ । आगामी निर्वाचनका लागि बनाइएको वाचापत्रमार्फत खेलकुदलाई केवल मनोरञ्जन र भर्तीकेन्द्रबाट मुक्त गरी राष्ट्रिय एकता र आर्थिक समृद्धिको मेरुदण्डका रूपमा विकास गर्ने वाचा गरेको हो ।






### खेलकुदमा कांग्रेसको महत्त्वाकांक्षी योजना

कांग्रेसले खेलकुदमा ६ महिनाभित्र 'खेलकुद ऐन' परिमार्जनदेखि नेपाललाई 'तटस्थ आयोजनास्थल' का रूपमा स्थापित गर्नेसम्मको महत्त्वाकांक्षी योजना लिएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई एक वर्षभित्र पुनर्संरचना गरी संस्थाको नेतृत्व खुला र पारदर्शी प्रतिस्पर्धाबाट छानिएका खेल क्षेत्रका योग्य व्यक्तिले मात्र नेतृत्व गर्न पाउने सुनिश्चितता गर्ने योजना कांग्रेसले अघि सारेको हो ।

यस्तै कांग्रेसले खेलकुदलाई 'सफ्ट पावर' को रूपमा प्रयोग गर्दै नेपाललाई अन्तर्राष्ट्रिय प्रतियोगिताको 'तटस्थ आयोजनास्थल' का रूपमा स्थापित गर्न विशेष पहल गर्नेसमेत वाचा गरेको छ । खेलाडी पलायन हुनुपर्ने अवस्थाको अन्त्य गर्न नियमित लिग हुने वातावरण, उचित पारिश्रमिक र पुरस्कार राशि समयमै पाउने व्यवस्था गर्ने कांग्रेसको घोषणापत्रमा उल्लेख छ । पदक विजेतालाई सरकारी सेवामा सम्मानजनक रूपमा समायोजन गर्ने कानुनी व्यवस्था गरी खेलकुदलाई 'भरोसायोग्य करिअर' बनाइने कांग्रेसले जनाएको छ ।

कांग्रेसले 'मिसन पदक' अभियानमार्फत उत्कृष्ट खेलाडीका लागि पर्याप्त मासिक पारिश्रमिक, उच्च दक्ष प्रशिक्षण र विशेष बजेटको व्यवस्था गरिने घोषणापत्रमा उल्लेख गरेको छ । विद्यालयको आधारभूत तहदेखि नै राष्ट्रिय खेलकुद पाठ्यक्रम लागू गर्ने, ई-स्पोर्ट्सलाई आधिकारिक मान्यता दिने र विद्यालयलाई नयाँ खेलाडी पहिचान गर्न 'मिसन च्याम्पियन' कार्यक्रम चलाउने योजना कांग्रेसको छ ।

विदेशमा बसेर अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण र अनुभव हासिल गरेका खेलाडीहरूलाई राष्ट्रिय टोलीमार्फत नेपालको प्रतिनिधित्व गर्न पाउने गरी आवश्यक कानुनी र नीतिगत बाधाहरू फुकाउने नीतिसमेत कांग्रेसले लिएको छ ।

### नियमित खेलमै अडियो एमाले

आफ्नो पार्टी नेतृत्वको सरकारमा हुँदा नियमित खेल गर्न नसकेको एमालेले घोषणापत्रमार्फत भने नियमित खेल सञ्चालन गर्ने वाचा गरेको छ । आवधिक रूपमा विद्यालयस्तर, प्रदेशस्तर र राष्ट्रिय स्तरमा खेल प्रतियोगिताहरू सञ्चालन गर्ने प्रतिबद्धता एमालेको छ । एमालेले नेपाली खेलाडीहरूलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन आवश्यक सबै प्रबन्ध मिलाउने घोषणासमेत गरेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा ३०० दिनभित्र फ्लडलाइट जडान र प्यारापिट निर्माण गर्ने निर्णय गरेका थिए । केही ढिला भए पनि अहिले त्रिवि मैदानमा फ्लडलाइट र प्यारापिट बनेका छन् ।

यसपटकको घोषणापत्रमा पनि एमालेले उक्त मैदानमा दोस्रो चरणको निर्माण सम्पन्न गरी अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्ने प्रतिबद्धता घोषणापत्रमा गरेको छ । विद्यालयस्तरबाट नै खेलाडी पहिचान गरी पूर्वाधार विकास, प्रशिक्षण र वृत्तिविकास गर्ने वाचा एमालेको छ । यस्तै एमालेले विद्यालय तथा क्याम्पसहरूमा खेल पूर्वाधार र खेल सामग्री उपलब्ध गराउन लगानी वृद्धि गर्ने, हरेक विद्यालयमा अतिरिक्त क्रियाकलाप, जनस्वास्थ्य चेतना र खेल प्रशिक्षणका लागि कार्यविवरणसहित खेल शिक्षकको व्यवस्था गर्ने योजना बनाएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता हासिल गर्न खेलाडीहरूलाई सक्षम बनाउने एमालेको वाचा छ । नेपालमा अन्तर्राष्ट्रिय खेलको आयोजना गरी खेल पर्यटनको प्रवर्द्धन गर्ने र अन्तर्राष्ट्रिय पदक जित्ने खेलाडीलाई आकर्षक पुरस्कार र सम्मान उपलब्ध गराउने एमालेको घोषणा छ ।

### भुइँ नटेकेको योजना

१५ हजारभन्दा कम दर्शक क्षमताको दशरथ रङ्गशालाले अन्तर्राष्ट्रिय मान्यता नपाएर अन्तर्राष्ट्रिय खेल नभएको वर्षौं भइसक्यो । उक्त रङ्गशाला स्तरोन्नति गरी अन्तर्राष्ट्रिय खेल खेलाउनेतिर कसैको ध्यान गएको छैन । बरु ५० हजार दर्शक क्षमताको रङ्गशाला बनाउने उद्घोष बेलाबेलामा नेताहरूले गर्दै आएका छन् । जसलाई नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले घोषणापत्रमा समेत समेटेको छ ।

नेकपाले ५० हजार दर्शक क्षमताको स्मारक राष्ट्रिय रङ्गशाला बनाउने वाचा घोषणापत्र मार्फत गरेको छ । यस्तै ५ वर्षभित्र सातै प्रदेशमा अन्तर्राष्ट्रियस्तरका रङ्गशाला बनाउने उद्घोष नेकपाको छ । नेकपाले खेलकुद क्षेत्रको बजेटलाई हरेक वर्ष कम्तीमा ३० प्रतिशत वृद्धि गर्दै ५ वर्षमा दोब्बर बनाउने घोषणा गरेको छ । ओलम्पिक, एसियाली खेलकुद तथा दक्षिण एसियाली खेलकुदमा नेपालको पदक संखया दोब्बर बनाउने लक्ष्य नेकपाले राखेको छ । नेकपाले प्रतिभा पहिचान तथा नि:शुल्क एकेडेमी देशव्यापी लागू गर्ने र उनीहरूलाई शिक्षा, आवास, प्रशिक्षण सुविधा प्रदान गर्ने घोषणापत्रमा लेखेको छ । पदक जित्ने खेलाडीहरूको पुरस्कार, प्रोत्साहन र सम्मान राशिलाई कम्तीमा दोब्बर बनाउने योजना नेकपाको छ ।

विद्यालयमा कम्तीमा पाँच खेलको प्रशिक्षण दिन सक्ने योग्यता भएका खेल प्रशिक्षक नियुक्तिका लागि कानुनी व्यवस्था गर्ने र राष्ट्रपति रनिङसिल्डलाई परिणाममुखी बनाई विद्यालय तहदेखि ओलम्पिकसम्म खेलाडी उत्पादन गर्ने दीर्घकालीन प्रणाली लागू गरिने नेकपाले जनाएको छ । त्रिवि मैदानलाई अपग्रेड गर्ने र मूलपानी, भरतपुर, मोरङ, फाप्ला लगायतका क्रिकेट मैदानहरूको विस्तार र नयाँ मैदान निर्माण गर्ने योजना नेकपाको छ । अन्तर्राष्ट्रिय पदक जित्ने क्रिकेट खेलाडी तथा तिनका सन्तानलाई छात्रवृत्ति तथा विशेष पुरस्कार दिइने नेकपाले जनाएको छ ।

### रास्वपाको जोड खेलाडीभन्दा खेल प्रशासनमा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले खेलकुदमा देखिएको प्रशासकीय त्रुटिलाई जोड दिएर वाचापत्र सार्वजनिक गरेको छ । रास्वपाले खेलकुद प्रशासनमा राजनीतिक नियुक्ति पूर्णत: खारेज गरी 'पेसागत नेतृत्व' र पारदर्शी बजेट व्यवस्थापन लागू गर्ने योजना अघि सारेको छ । जुन रास्वपाका सांसद खेलकुदमन्त्री हुँदा पनि रोक्न सकेका थिएनन् । खेलकुद क्षेत्रमा लगानी भ्रमणमा नभई खेलाडीको डाइट, प्रशिक्षण र प्रविधिमा केन्द्रित गरिने उद्घोषसमेत रास्वपाको छ । अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीहरूका लागि सम्मानजनक जीवन निर्वाह गर्न 'खेलाडी पेन्सन कोष', स्वास्थ्य बिमा र रोजगारीको विशेष ग्यारेन्टी गरिने रास्वपाको वाचापत्रमा उल्लेख छ ।

नेपाललाई दक्षिण एसियाकै 'स्पोर्ट्स हब' का रूपमा स्थापित गर्ने योजना रास्वपाको छ । रास्वपाले १५ वर्षदेखि अधुरा रहेका रङ्गशालाहरूलाई समयमै सम्पन्न गर्दै सातै प्रदेशमा अत्याधुनिक र पूर्णत: पहुँचयुक्त खेल पूर्वाधारहरू निर्माण गर्ने योजना अघि सारेको छ । निर्माण भएको पूर्वाधारमा ओलम्पिक र प्यारालिम्पिक दुवैका लागि विश्वस्तरीय व्यावसायिक प्रशिक्षणको व्यवस्था हुने रास्वपाको उद्घोष छ । विद्यालयस्तरदेखि नै 'प्रतिभा पहिचान' कार्यक्रममार्फत 'स्कुल स्पोर्ट्स' लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइने र प्रत्येक स्थानीय तहमा एक बहुउद्देश्यीय खेल मैदान सुनिश्चित गर्ने रास्वपाले जनाएको छ ।

साहसिक खेल र अल्ट्रा-म्याराथनजस्ता नेपालका मौलिक सम्भावनाहरूलाई 'राष्ट्रिय गौरव' का रूपमा प्रवर्द्धन गर्ने योजना रास्वपाको छ । खेलकुदमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्ने नीतिसमेत रास्वपाले ल्याएको छ ।

### "दलहरुले खेलकुदलाई ठाउँ दिएनन्"

खेलकुदलाई राजनीतिक दलहरुले उपयुक्त ठाउँ नदिएको राष्ट्रिय खेलकुद परिषद् पूर्व सदस्य सचिव टंकलाल घिसिङले बताउँछन् । देशको प्रतिष्ठा हुने खेलकुदभन्दा मत तान्ने विषयतर्फ दलहरु केन्द्रीत भएको उनको ठम्याई छ । 'दलहरुको घोषणा पत्रमा खेलकुदले स्पेश नपाएको अनुभूति गरेको छु,' उनी भन्छन्, 'दलहरुले मत बढ्ने विषयलाई प्राथमिकता दिएका छन् । तर, देशको प्रतिष्पठाको रुपमा रहेको खेलकदुलाई ध्यान दिएको देखिँदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# खेलकुद सरोकार समाजको प्रथम साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ मकवानपुर खेलकुद सरोकार समाज नेपालको प्रथम वार्षिक साधारण सभामा शनिबार हेटौंडा-४ स्थित कभर्ड हलमा सम्पन्न भएको छ ।

गतवर्ष स्थापना भएको यो संस्थाले मकवानपुर खेलकुद एवार्ड स्थापना गर्ने तयारीका साथ खेलकुद क्षेत्रमा बिभिन्न काम गर्नका लागि २२ लाख रुपैयाँ भन्दा बढी अक्षयकोषमा राखेको बताइएको छ । कोषको ब्याज आम्दानीबाट मकवानपुरको खेलक्षेत्रको विकास र खेलाडीको हितका निम्ति काम गर्ने बताइएको छ । समाजका अध्यक्ष भेष खड्गीको सभाध्यक्षतामा भएको साधारणसभामा पूर्व नगरप्रमुख हरिबोल महतको प्रमुख आतिथ्यता रहेको थियो ।

समाजका महासचिव लालबहादुर पौडेलले वार्षिक गतिबिधि समेटिएको प्रतिबेदन प्रस्तुत गरेका थिए । आगामी दिनमा संस्थालाई अझै सुदृढ गर्दै समग्र खेल क्षेत्रको उन्नतिका लागि क्रियाशील कार्ययोजना निर्माण गरी अघि बढ्ने भेलाबाट पारित भएको उपाध्यक्ष बसन्तकुमार सिटौलाले जानकारी दिए । खेलकुद महोत्सवबाट संकलन गरिएको रकम अक्षयकोषमा थप गर्दै जाने तयारी गरिएको बताइएको छ ।

# सुनगाभाको अभिभावक भेला सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ हेटौंडा-६ चौघडामा रहेको सुनगाभा शिक्षानिकेतन इङ्लिस स्कूलको २६ औ अभिभावक भेला शनिवार भएको छ ।

हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् विद्यालय ब्यवस्थापन समिति अध्यक्ष रामहरि न्यौपानेको सभाध्यक्षतामा भएको भेलामा विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई नगद पुरस्कारसहित पुरस्कृत गरिएको थियो । अभिभावक भेलामा विद्यार्थीले नाटक, कमिक्स र नृत्य प्रर्दशन गरेका थिए । भेलामा हेटौंडा उपमहानगरपालिका ६ का वडासदस्य मुना विक, विजय पौडेल, शिक्षाविद बद्रीबहादुर पाठक, विद्यालयका पूर्वअध्यक्ष बासुदेव अधिकारी, प्रवन्ध सञ्चालक रामहरि चौलागाई, रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, विद्यालय सञ्चालक समिति, अभिभावक, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

मकवानपुरको पूर्वीक्षेत्रको शैक्षिक गहनाको रुपमा रहेको यो विद्यालयमा करिव ८ सय विद्यार्थी अध्ययरत रहेको प्रिन्सिपल अरुण पराजुलीले बताए ।

# 'मोहर २' बन्ने, दोहोरिएलान् पल, बेनिशा र नीति ?

काठमाडौं/यस वर्ष व्यावसायिक रूपमा सफल ठहरिएको फिल्म 'मोहर'को दोस्रो श्रृंखला निर्माण गरिने भएको छ । शुक्रबार निर्माता कम्पनी फिल्ममेकर्स प्रालिले थिम पोस्टर सार्वजनिक गर्दै 'मोहर २'को निर्माण घोषणा गरेको हो । यस फिल्मलाई ओम प्रतीकले निर्देशन गर्नेछन् भने प्रस्तुतकर्तामा चुम्बन जंग शाही रहनेछन् । फिल्मको छायांकन अर्को वर्षको मध्यतिर हुने जनाइएको छ ।




घरेलु बक्स अफिसमा ५ करोडमाथिको व्यापार गरेको 'मोहर'मा पल शाह, बेनिशा हमाल, नीति शाह, अर्जुन जंग शाही, मिथिला शर्मा लगायतका कलाकार हरूको अभिनय रहेको थियो । यसको सिक्वेलमा पनि उनीहरूलाई नै दोहोऱ्याउने योजनामा निर्माण पक्ष रहेको छ । निर्देशक प्रतीकका अनुसार पलसहितका कलाकारलाई दोहोऱ्याउने गरी अहिले स्क्रिप्टमा काम भइरहेको छ ।

कलाकारबारे उनले संचारकर्मीसँग भने, 'फिल्ममा पुरानो कास्ट नै दोहोरिने सम्भावना धेरै छ । त्यही अनुसार स्क्रिप्टमा वर्कआउट गरिरहेका छौं । तर, यो फिल्मभन्दा अगाडि म अर्को फिल्म गर्दैछु । त्यसपछि 'मोहर २' बनाउने कुरा छ ।' यो फिल्म प्रिक्वेलको रूपमा निर्माण हुनसक्ने उनको भनाइ छ । अर्थात् 'मोहर'भन्दा अगाडिको समयको कथामा फिल्म बन्नेछ ।

देउकी प्रथा (मन्दिरमा भाकल गरेर कन्या चढाउने प्रचलन)मा आधारित 'मोहर'मा पल, बेनिशा र नीतिको अभिनयको दर्शकहरूले निकै प्रशंसा गरेका थिए । यो नीतिको करिअरकै पहिलो सफल फिल्म समेत हो । पलले पनि मुख्य अभिनेताको रूपमा जेल जीवनपछि पाएको यो पहिलो सफल फिल्म थियो । बेनिशाको भने करिब डेढ दशक लामो करिअरमा यो दोस्रो हिट फिल्म हो ।

# अर्थतन्त्र चलायमान बनाउँदै निर्वाचन, ७ महिनामा १३ खर्ब नजिक वैदेशिक व्यापार

काठमाडौं/मुलुक निर्वाचनमा होमिएसँगै अर्थतन्त्र समेत चलायमान बन्दै गएको तथ्यांकले देखाएको छ । भन्सार विभागका अनुसार चालु आर्थिक वर्ष ७ महिना (साउन-माघ) सम्म वैदेशिक व्यापार १३ खर्ब रुपैयाँ नजिक पुगेको छ ।

विभागको तथ्यांक अनुसार माघसम्म १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबर वैदेशिक व्यापार भएको छ । जसमा आयात ११ खर्ब २३ अर्ब ४८ करोड पुगेको छ । निर्यात १ खर्ब ६८ अर्ब १४ करोड बराबर भएको छ । पुससम्म एक महिनामै वस्तु आयात पौने २ खर्ब बराबर भएको छ । पुससम्म १० खर्ब ८१ अर्ब बराबर रहेको वैदेशिक व्यापार आकार एक महिनामै १३ खर्ब नजिक पुगेको हो । अर्थात्, एक महिनामा २ खर्ब १० अर्ब रुपैयाँले व्यापार बढेको देखिएको छ ।

एक महिनामै वस्तु आयात र निर्यात दुवैमा उत्साह देखिएको छ । हरेक निर्वाचनले अर्थतन्त्रको आन्तरिक तथा वाह्य क्षेत्र चलायमान बनाउन भूमिका खेल्छ । यस समयमा साविकको तुलनामा पेट्रोलियम पदार्थ खपत बढ्छ । सरकारले सवारीसाधन खरिद बढाउँछ । अन्य आवश्यक मसलन्द खपत समेत बढ्ने भएकाले निर्वाचनका बेला वैदेशिक व्यापारमा सुधार देखिने गर्छ । तथ्यांक अनुसार कुल वैदेशिक व्यापारमा माघसम्म १५.७६ प्रतिशत सुधार देखिएको छ । अघिल्लो वर्ष यसै अवधिमा कुल वैदेशिक व्यापार आकार ११ खर्ब १५ अर्बमात्र थियो ।

### माघसम्म वैदेशिक व्यापार अवस्था

आयात : ११ खर्ब २३ अर्ब
निर्यात : १ खर्ब ६८ अर्ब
व्यापार घाटा : ९ खर्ब ५५ अर्ब
कुल वैदेशिक व्यापार : १२ खर्ब ९१ अर्ब
आयात/निर्यात अनुपात : ६.६९
निर्यात हिस्सा : १३.०२
आयात हिस्सा : ८६.९८
आयात/निर्यात दुवै सुधार

चालु आव सुरुबाटै वस्तु व्यापारमा सुधार देखिएको छ । माघसम्म आयात १३.६५ प्रतिशतले बढेको छ । आयात ३२.१९ प्रतिशत वृद्धि भएको तथ्यांक छ । माघसम्म वस्तु आयात ११ खर्ब २३ अर्ब रुपैयाँ बराबर भएको छ । गत आव सोही अवधिमा आयात ९ खर्ब ८८ अर्ब ५८ करोड बराबर थियो । वस्तु निर्यात माघसम्म १ खर्ब ६८ अर्ब पुगेको छ । जुन अघिल्लो आव सोही अवधिको तुलनामा ३२.१९ प्रतिशत सुधार हो । गत आव माघसम्म निर्यात २ खर्ब २७ अर्बमात्र भएको तथ्यांक छ ।

कुल वैदेशिक व्यापार आकार १५.७६ प्रतिशतले बढे पनि व्यापार घाटा वृद्धिमा भने केही संकुचन आएको छ । यसो हुनुमा निर्यात वृद्धिदर राम्रो हुनु हो । सात महिनामा व्यापार घाटा ९ खर्ब ५५ अर्ब बराबर रहेको छ । जुन अघिल्लो आव सोही अवधिको तुलनामा १०.९१ प्रतिशत धेरै हो । गत आव माघसम्म ८ खर्ब ६१ अर्बको व्यापार घाटा थियो । अहिले कुल व्यापारमा आयात हिस्सा ८६.९८ प्रतिशत र निर्यात हिस्सा १३.०२ प्रतिशत छ । गत आवको तुलनामा निर्यात हिस्सा १४.१९ प्रतिशत सुधार भएको हो ।

### कुल निर्यातभन्दा माथि पुग्यो पेट्रोलियम पदार्थ आयात

सात महिनामा नेपालले गरेको कुल वस्तु निर्यातभन्दा यसै अवधिमा आयात गरेको पेट्रोलियम पदार्थ हिस्सा ठूलो हुन पुगेको तथ्यांकले देखाएको छ । सात महिनामा नेपालले १ खर्ब ८० अर्ब ७४ करोड रुपैयाँ बराबर पेट्रोलियम पदार्थ आयात गरेको छ । यो अवधिमा कुल वस्तु निर्यात १ खर्ब ६८ अर्बमात्र छ । बढी आयात हुने वस्तुको एकमुष्ट सूचीमा दोस्रो स्थानमा तेलघिउ छ । यस्तो वस्तु आयात सात महिनामा ९३ अर्ब ७५ करोड बराबर छ । आइरन र स्टिल आयात ७७ अर्ब ८५ करोड बराबर छ । यस्ता वस्तु आयात हुँदा नेपालमा विकास निर्माण कामले गति लिएको संकेत गर्छ ।

त्यसैगरी विद्युतीय उपकरण र त्यसका पार्टपुर्जा आयात ७७ अर्ब ६९ करोड बराबर भएको छ । मेसिनरी र मेकानिकल उकपरण आयात ७७ अर्ब ५३ करोड २५ लाख बराबर भएको भन्सार विभागले जनाएको छ । सवारीसाधन आयातमा ६४ अर्ब ८४ करोड विदेशिएको छ । गर गहना र बहुमूल्य धातु आयातमा ४७ अर्ब ७९ करोड विदेशिएको देखिन्छ । मल आयातमा ४२ अर्ब ६३ करोड खर्च भएको छ । तरकारी आयातमा मात्र २२ अर्ब २५ करोड विदेशिएको तथ्यांक छ ।

निर्यातमा समेत वनस्पति तेल वा जनावरको बोसोसहित वस्तुको हिस्सा सबैभन्दा धेरै छ । यस्ता वस्तु निर्यात ७८ अर्ब १९ करोड बराबर छ । कफी, चिया तथा मरमसला निर्यात १२ अर्ब २६ करोड बराबर छ । यस्तै रेशा/धागो निर्यात ७ अर्ब ६४ करोड बराबर भएको छ । कार्पेट र भुइँमा बिच्छ्याउने अन्य सामान निर्यात ६ अर्ब ६४ करोड बराबर भएको विभागको तथ्यांक छ । तयारी पोसाक निर्यात ५ अर्ब १५ करोड बराबर भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# निर्वाचन आचारसंहिताबारे मिडिया अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ निर्वाचन आचारसंहिताबारे मिडिया बीच शनिबार हेटौंडामा अन्तरक्रिया सम्पन्न भएको छ । फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावलाई लक्षित गर्दै प्रेस काउन्सिल नेपालको आयोजना एवम् पत्रकार महासंघ मकवानपुरको संयोजनमा अन्तरक्रिया भएको हो ।




कार्यक्रममा सहभागीले सञ्चारकर्मीले आचारसंहितालाई पूर्णरुपमा पालना गरेको दाबी गरेका थिए । यद्यपि केही सामाजिक संजालका प्रयोगकर्ताले आचार संहिताविपरीतका गतिविधि गरेका उनीहरुले बताएका छन् । निर्वाचनलाई स्वच्छ र निष्पक्ष ढंगले सम्पन्न गर्न सक्दो सहयोग गर्ने पनि सञ्चारकर्मीले प्रतिबद्धता व्यक्त गरेका छन् । कार्यक्रममा काउन्सिलका सदस्य सन्तराम बिडारीले निर्वाचन आचारसंहिता र प्रेस काउन्सिलको आचारसंहितालाई पालना गर्न आग्रह गरेका छन् । सञ्चारकर्मीले मतसर्वेक्षण गर्नु गलत भएको उनको बुझाई छ । सदस्य बिडारीले सन्तुलित ढंगले कुनै दल, उम्मेदवार प्रति आग्रह पूर्वाग्रह नराखी समाचार लेखन सुझाव दिए ।

जिल्ला निर्वाचन प्रमुख देवराज आचार्यले अरु जिल्लाको तुलनामा मकवानपुरका सञ्चारकर्मी आचारसंहिता पालनामा बढी अनुशासित देखिएको बताएका छन् । आचारसंहिता नैतिकतासँग जोडिएको विषयवस्तु भएको उनको धारणा छ । कार्यक्रममा पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले आयोगको आचारसंहिता र काउन्सिलको आचारसंहितालाई पालना गर्नु सञ्चारकर्मीको दायित्व भएको बताए । आमसंचार र सामाजिक संजालबीचको भिन्नताबारे सर्वसाधारणलाई जानकारी गराउन नसक्दा सामाजिक संजालमा आउने बैयक्तिक बिचारको भारी आमसंचार प्रतिष्ठान र संचारकर्मीले बोक्नु परेको महासचिव दाहालले बताए ।

जिल्ला न्यायाधीश एवम् मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले निर्वाचन आचारसंहिता पालना गराउन सञ्चारकर्मीको महत्वपूर्ण भूमिका हुने उल्लेख गरिन् । हरित निर्वाचन गराउने आफूहरुको तयारी रहेको बताउँदै उनले निष्पक्ष चुनावमा सञ्चारकर्मीको पनि महत्वपूर्ण भूमिका हुने उल्लेख गरिन् । महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम प्रहरीप्रवक्ता पुष्कर बोगटीले समाचारको सत्यता र गुणस्तरमा संचारकर्मी हरदम सचेत रहनुपर्ने बताए ।

कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्णसारु मगर, संस्थापक अध्यक्ष प्रताप विष्ट, उपाध्यक्ष हरि हुमागाई, महासंघका पूर्वअध्यक्ष भानुभक्त आचार्य, अग्रज संचारकर्मी रामकुमार एलन, रेडियो मकवानपुरका स्टेसन म्यानेजर गणेश दर्पण अधिकारी लगायत सञ्चारकर्मीले अन्तरक्रियामा सहभागीता जनाएका थिए ।

# ‘मिड डिभिजन युनिटी रन’ प्रतियोगिता सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/२ सय ६३ औं सेना दिवसको अवसरमा मध्यपृतना हेडक्वार्टर हेटौंडाको आयोजनामा ‘मिड डिभिजन युनिटी रन’ प्रतियोगिता सम्पन्न भएको छ ।

हेटौंडास्थित सुपारेटार ब्यारेकको सामरी खेलमैदानमा आयोजना गरिएको प्रतियोगिता अन्तर्गत १० किलोमिटर महिला-पुरुष दौड, ५ किलोमिटर महिला-पुरुष दौड तथा विद्यालयस्तरीय दौड सञ्चालन गरिएको थियो । १० किलोमिटर दौडमा पुरुषतर्फ गोरखबहादुर गणका भुपेन्द्र सुनार प्रथम, लोकेन्द्र बोहरा दोस्रो र धनु मानन्धर तेस्रो भए । महिलातर्फ गीता विक प्रथम, निमाकुमारी नेपाली दोस्रो र विनिता विक तेस्रो स्थानमा रहे । उनीहरुले क्रमशः २५ हजार, १५ हजार र १० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका थिए ।

५ किलोमिटर दौडमा पुरुषतर्फ गोपाल तामाङ प्रथम, सन्तोष नेपाली दोस्रो र अनिल मजाकोटी तेस्रो भए । महिलातर्फ जानकी खाती प्रथम, वसन्ती गोले दोस्रो र वेदना पुन तेस्रो भएका थिए । उनीहरुलाई क्रमशः १५ हजार, १० हजार र ५ हजार रुपैयाँ तथा प्रमाणपत्र प्रदान गरिएको थियो । विद्यालयस्तरीय छात्रातर्फ स्वस्तिका थिङ प्रथम, रिता सुनार दोस्रो र नैनावती साह तेस्रो हुँदा छात्रतर्फ सुवास हेम्जङ प्रथम, विवेक श्रेष्ठ दोस्रो र विशाल श्रेष्ठ तेस्रो भए । उनीहरुले क्रमशः १० हजार, ७ हजार र ३ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका थिए ।

विजयी धावकहरुलाई बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटा, मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ तथा सेनाको मध्यपृतना हेडक्वार्टर हेटौंडाका पृतनापति विष्णुकुमार खड्काले पुरस्कार र प्रमाणपत्र प्रदान गरेका थिए । सोही कार्यक्रममा ५ किलोमिटर वाकाथन आयोजना गरिएको थियो । बलियो एकता, सुरक्षित राष्ट्रको सन्देश सहित आयोजित वाकाथनमा प्रदेशप्रमुख, मुख्यमन्त्री, जिल्लाका चारवटै सुरक्षा निकायका प्रमुख लगायत विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता रहेको थियो ।

# ७ महिनामा ७६ लाख राजश्व संकलन




साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ जिल्ला ट्राफिक प्रहरी कार्यालय हेटौंडा मकवानपुरले चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनाको अवधिमा ७६ लाख ४६ हजार राजश्व संकलन गरेको छ ।

कार्यालय प्रमुख प्रहरी निरीक्षक बच्चुराम फुयाँलका अनुसार यो अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने आठ हजार ४१४ सवारीसाधन र चालकमाथि कार बाही गरिएको छ । कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा ट्राफिक नियम उल्लङ्घन गर्ने ३० हजार ३४ सवारीसाधन र चालक माथि कारबाही गरी दुई करोड ४१ लाख ४५ हजार ५४ राजश्व संकलन गरेको थियो । प्रहरीनिरीक्षक फुयाँलका अनुसार मकवानपुरमा चालु आर्थिक वर्षमा भएका १९६ सवारी दुर्घटनामा परी ३२ जनाको मृत्यु भएको छ भने ३८६ जना घाइते भएका छन् । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा मकवानपुरमा ४०७ सवारी दुर्घटनामा परी ५० जनाको मृत्यु भएको थियो भने ९६५ जना घाइते भएका थिए ।

पछिल्लो समय सञ्चालन गरिएको ट्राफिक सचेतना र नियमति ट्राफिक चेकजाँचका कारण सवारी दुर्घटनामा हुने मानवीय क्षतिमा कमी आउनुको साथै ट्राफिक नियम उल्लंघनकर्ताको संख्यासमेत घट्दै गएको प्रहरीनिरीक्षक फुयाँलले बताएका छन् । ‘हामीले ट्राफिक नियम र दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रमसँगै सडकमा ट्राफिक जाँचमा कडाइ गरेका छौं’, उनले भने, ‘आर्थिक वर्ष २०८२/८३ मा मात्रै विद्यार्थी, नयाँचालक, व्यवसायी, कर्मचारीलगायत गरी ५४७ पटक ट्राफिक नियमसम्बन्धी सचेतनामूलक सहजीकरण गरेका छौं । त्यसबाट ३९ हजार २४६ जनालाई सचेतना दिइएको छ ।’

यसबाहेक ठाउँठाउँमा पर्चा, पम्पलेट, स्टिकर टाँस र समय समयमा चालकहरुको निःशुल्क स्वास्थ्यपरीक्षणसमेत गर्दै आएको फुयाँलले बताए । बढ्दो सवारी साधनको चाप, साँघुरो सडक, चालकको लापर्वाही तथा सडकमा छाडिने पशुचौपायाका कारण सवारी दुर्घटना हुने गरेकाले यसबारे पनि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताए ।

# थाहानगरमा तरुणदल युवा भेटघाट कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर २ अन्तर्गत थाहा नगरपालिकामा नेपाली काँग्रेसले थाहा नगरपालिकामा तरुणदल युवा भेटघाट गरेको छ । नेपाली काँग्रेसले मतदान केन्द्रमा दलको तर्फबाट गर्ने विभिन्न भूमिकाको विषयमा प्रशिक्षणसहित भेटघाट आयोजना गरेको हो ।

थाहा-४ को फेमिली ब्यान्क्वीटमा भएको कार्यक्रम नेपाली काँग्रेसका केन्द्रीय सदस्य जयराम लामिछानेको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा महासमिति सदस्य भरत लामा, महाधिवेशन प्रतिनिधि रत्नबहादुर गोले, तरुणदल केन्द्रीय सदस्य तथा महासमिति सदस्य राजेश भेटवालको आतिथ्यता रहेको थियो ।

तरुणदल थाहानगर अध्यक्ष विक्रम गोपालीको सभाध्यक्षतामा भएको कार्यक्रममा काँग्रेस नगर कमिटी सभापति प्रमोदकृष्ण जोशी तथा काँग्रेस नेता तथा कार्यकर्ता र तरुणदलका प्रतिनिधिको सहभागिता रहेको थियो । सहभागीलाई रजनी थापाले सहजीकरण गरेकी थिइन् ।

# हेटौंडा एकेडेमीको २८ औं अभिभावक दिवस



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ हेटौंडा एकेडेमीको २८ औं अभिभावक दिवस शनिबार भव्यरुपमा सम्पन्न भएको छ । एकेडेमीका सञ्चालक अरुणराज सुमार्गीको सभाध्यक्षता तथा शिक्षाविद् देव श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा हेटौंडा उपमहानगर प्रवक्ता तथा वडा नं १ का वडाध्यक्ष सविन न्यौपाने र वडा नम्बर ११ की वडाध्यक्ष जुना दाहालले पछिल्लो समय विद्यार्थीमा मोवाइल प्रयोगको अत्यधिक प्रभाव देखिन थालेको उल्लेख गरे । उनीहरुले मोवाइलको दुरुपयोगका कारण विभिन्न नकारात्मक घटना बढ्दै गएको भन्दै विद्यार्थीलाई मोवाइलको लतबाट जोगाउन अभिभावक, शिक्षक र विद्यालय प्रशासनले साझा पहल गर्नुपर्नेमा जोड दिए । बालबालिकालाई सामाजिक संजालको लतबाट छुटाएर पठन संस्कृतितर्फ उत्साहित गर्न साझापहल आवश्यक रहेको धारणा उनीहरुको थियो ।

कार्यक्रमका अवसरमा शिक्षाक्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै शिक्षाविद् श्रेष्ठलाई माधवराज सुमार्गी शैक्षिक सम्मान प्रदान गरिएको थियो । सम्मान ग्रहण गर्दै श्रेष्ठले आफूलाई गरिएको सम्मानप्रति आभारी रहेको बताए । श्रेष्ठले आफूले अध्यापन गराएका विद्यार्थीहरु आज शिक्षा लगायत विभिन्न क्षेत्रमा अग्रसर भएको देख्दा अत्यन्त खुशी लागेको बताए । कार्यक्रममा विशेष अतिथिकारुपमा उपस्थित नेपालका वरिष्ठ गायक धिरज राईले आकर्षक सांगीतिक प्रस्तुति दिएका थिए । उनको प्रस्तुतीमा अभिभावक, शिक्षक तथा विद्यार्थी उत्साहपूर्वक रमाएका थिए ।

# मकवानपुरमा स्कारपियो दुर्घटना हुँदा चालकसहित ४ जना घाइते

साझाकुरा संवाददाता



हेटौंडा, ९ फागुन/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ सुकौराबेसीस्थित कुलेखानी-फाखेल-काठमाडौं सडकखण्डमा शनिबार बिहानै स्कारपियो दुर्घटना हुँदा चालकसहित ४ जना घाइते भएका छन् ।

बिहान करिब ६ बजे बीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको ना ४ च ९७७७ नम्बरको स्करपियो गाडीचालक निदाउँदा अनियन्त्रित भई सडकबाट करिब ३० मिटर तल शाखा बाटोतर्फ खस्दा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुर्घटनाको खबर बिहान ६:३० बजे प्राप्त हुनासाथ प्रहरीचौकी फाखेल मकवानपुरबाट प्रहरी सहायकनिरीक्षक कमल खत्रीको कमाण्डमा ५ जनाको टोली घटनास्थलमा खटिएको थियो । स्थानीयको सहयोगमा घाइतेको उद्दार गरी उपचारका लागि एम्बुलेन्स मार्फत काठमाडौं पठाइएको प्रहरीले जनाएको छ ।

घाइते हुनेमा स्कारपियो चालक जिल्ला बाराको कलैया उपमहानगरपालिका-२ बस्ने वर्ष ३८ का विजय यादव रहेका छन् । उनको हात र खुट्टामा चोट लागेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । यस्तै, सवारीधनी बाराको कलैया उपमहानगरपालिका-७ बरेवा बस्ने वर्ष ५० का सन्तोषकुमार गुप्ताको छातीमा भित्रीचोट लागेको छ भने अवस्था मध्यम छ । उनकी श्रीमती वर्ष ४० की शोभा गुप्ताको कम्मर र टाउकोमा चोट लागेकाले अवस्था गम्भीर रहेको छ । उनका छोरा वर्ष १६ का अनमोल गुप्ताको दाहिने खुट्टामा चोट लागेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

# सालक दिवसमा र्‍याली




साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ विश्व सालक दिवसको अवसरमा हेटौंडामा सचेतनामुलक सडक र्‍याली गरिएको छ । डिभिजन वन कार्यालय मकवानपुरको आयोजना र हेटौंडा उपमहानगरपालिकाको सहयोगमा र्‍यालीको आयोजना गरिएको हो ।

सुन्दर सामुदायिक वन उपभोक्ता समूह हेटौंडाबाट सुरु गरिएको र्‍याली बनस्खण्डी सामुदायिक वन, पिप्लेपोखरा सामुदायिक वन, न्यूरेनी चिसापानी सामुदायिक वन, रानी सामुदायिक वन हुँदै चुच्चेखोला सामुदायिक वनमा गएर समापन गरिएको थियो । र्‍यालीमा सहभागीलाइ रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल र कार्यालय सचिव भीमसेन पौडेलले समूहले सालक संरक्षणमा गरेका विभिन्न कामको बारेमा जानकारी गराएका थिए ।

रानी सामुदायिक वनले सालकको संरक्षण, बासस्थान संरक्षण, सालकको आहार धमिरा र कमिलाको देवलको संरक्षण, जनचेतनामुलक कार्यक्रम, सालकको उद्दार, कानूनी ब्यवस्था, विद्यालय स्तरीय कार्यक्रमलगायत काम गर्दै आएको छ । समूहले २०६२ सालदेखि सालक संरक्षण गर्दै आएको छ । समूहद्वारा संरक्षित वनमा करिव ५ दर्जन सालक रहेको अध्यक्ष धितालले बताए । र्‍यालीमा डिभिजन वन कार्यालय राप्तीका प्रमुख हेमबहादुर थापा, डिभिजन वन कार्यालय मकवानपुरका वनअधिकृत बसन्तराज गौतम, योजना महाशाखाप्रमुख हेमकुमार पाठक, वनका कर्मचारी, सामुदायिक वनका कर्मचारी, वनविज्ञान अध्ययन संस्थान हेटौंडाका विद्यार्थीको सहभागीता थियो ।

यस वर्षको नारा सालकका सक्रिय अभिभावकहरु रहेको छ । यसअघि गत माघ २६ गते ७ बुँदे माडी घोषणापत्र जारी गर्दै बागमती प्रदेशले प्रथम सालक सम्मेलन आयोजना गरेको थियो । बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयको आयोजना एवम् डिभिजन वन कार्यालय चितवनको संयोजनमा नेपालमै पहिलोपटक सालक सम्मेलन भएको थियो ।

नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?
यो सुनौलो अवसर नछुटाउनुहोस्
चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरू अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरू एकै ठाउँमा ।
नयाँ रेस्टुरेन्ट सुरू गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका।
सम्पर्क: ९८५१०२४८६८

## सामाजिक सुरक्षा भत्ता लाभग्राहीको Biomatric Verification गर्ने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागकोच. नं. ९२ को मिति २०८२।०९।१४ गतेको प्राप्त पत्रानुसार समाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरूको आ.व. ०८२ २०८३ मा Biomatric Verification नभई सामान्य दर्ता प्रकारबाट नविकरण भएकोमा राष्ट्रिय परिचयपत्र नम्बर मार्फत Verify गर्न बाँकी लाभग्राहीहरूको Biomatric Verification वडा कार्यालयमा सम्पर्क राखी यहि २०८२ फाल्गुण १ गते देखि १५ गते भित्र गर्नु हुन अनुरोध छ ।

**आवश्यक कागजात**

१) सामाजिक सुरक्षा भत्ता परिचयपत्र
२) राष्ट्रिय परिचयपत्र नम्बर (NIN)
३) नेपाली नागरिकता प्रमाण पत्र

**पुनश्च :** बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त असहाय वा ९० बर्ष माथिका जेष्ठ नागरिकको हकमा Biomatric Verify अनिवार्य नभएको ।

हेटौंडा उपमहानगरपालिका
१ नं. वडा कार्यालय
चाईनाक्वाटर, हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना